खण्ड ९ संख्या ०२ साउन ०८ गते, २०८२ साल

# मादी गाउँपालिका

# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ०२ साउन ०८ गते, २०८२ साल

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा बमोजिम (१) मादी गाउँसभाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०८२ सालको कार्यविधि नं. २

## उपभोक्ता लागत सहभागिता साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

कार्यपालिका स्वीकृत मितिः २०८२/०४/०८

मादी गाउँपालिकाको सबै वडाहरुमा स्थानीय स्तरमा प्रत्यक्ष रुपमा जनताको पूर्ण सहभागितामा जनताकै विकासका लागि जनताले आफैं योजना माग गरी कार्यान्वयन गर्न" लागत सहभागिता साझेदारी कार्यक्रम" सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले त्यस्तो कार्यलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी मादी गाउँपालिका गाउँ कार्यपालिकाबाट यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

मादी गाउँपालिका

## खण्ड ९ संख्या ०२ साउन ०८ गते, २०८२ साल

## परिच्छेद १

## प्रारम्भिक

१ .**संक्षिप्त नाम र प्रारम्भः**

क .यस कार्यविधिको नाम उपभोक्ता लागत सहभागिता साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ रहेको छ ।

ख .यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ .**परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः -

क" .ऐनभन्नाले स्थानीय सरकार सञ्चालन ऐन ", २०७४ सम्झनु पर्दछ ।

ख" .मन्त्रालयभन्नाले नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित विषयगत " मन्त्रालयलाई सम्झनु पर्दछ ।

ग" .सार्वजनिक खरिद ऐनभन्नाले सार्वजनिक खरिद ऐन ", २०६३ (संशोधन समेत) लाई सम्झनु पर्दछ ।

घ" .सार्वजनिक खरिद नियमावलीभन्नाले सार्वजनिक खरिद नियमावली ", २०६४ (संशोधन समेत) लाई सम्झनु पर्दछ ।

ङ" .स्थानीय तहभन्नाले मादी गाउँपालिका तथा सो अन्तर्गतका वडा कार्यालयलाई समेत " सम्झनु पर्दछ ।

च" .गाउँपालिका "भन्नाले मादी गाउँपालिकालाई सम्झनु पर्दछ ।

छ" .कार्यपालिका भन्नाले मादी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ । "

ज" .अध्यक्ष भन्नाले मादी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ । "

झ" .उपाध्यक्ष भन्नाले मादी गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ । "

ञ" .प्रमुख प्रशासकीय अधिकृतभन्नाले मादी गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय " अधिकृतलाई सम्झनु पर्दछ ।

ट" .इन्जिनियरभन्नाले मादी गाउँपालिकामा इन्जिनियर पदमा कार्यरत इन्जिनियरलाई सम्झनु " पर्दछ ।

ठ" .प्राविधिक कर्मचारीभन्नाले मादी गाउँपालिकामा असिस्टन्ट सव " इन्जिनियर, सव इन्जिनियर पदमा कार्यरत प्राविधिक कर्मचारीलाई सम्झनु पर्दछ ।

ड" .योजना शाखा प्रमुखभन्नाले मादी गाउँपालिकामा योजना शाखा प्रमुख पदमा कार्यरत " कर्मचारीलाई सम्झनु पर्दछ ।

ढ" .वडा अध्यक्ष .नं १२ देखि १ .भन्नाले मादी गाउँपालिकाका वडा नं "वडामा जननिर्वाचित वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

ण" .कार्यपालिका सदस्यभन्नाले मादी गाउँ कार्यपालिकाका निर्वाचित सदस्यलाई सम्झनु पर्दछ " ।

त" .वडा सदस्य .नं १२ देखि १ .भन्नाले मादी गाउँपालिकाका वडा नं "वडामा जननिर्वाचित वडा सदस्यलाई सम्झनु पर्दछ ।

थ" .सार्वजनिक निर्माण कार्यभन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार वा प्रदेश " सरकारको पूर्ण स्वामित्व भएको सङ्गठित संघ संस्था तथा स्थानीय तहबाट सम्पन्न गरिने जुनसुकै निर्माण कार्यलाई सम्झनु पर्दछ । सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्यलाई समेत जनाउँदछ ।

द" .समुदायभन्नाले टोल र गाउँ वा बस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा " समाजलाई सम्झनु पर्दछ ।

ध" .समुदाय स्तरको आयोजनाभन्नाले समुदायस्तरमा सञ्चालन हुने लागत सहभागिता साझेदारी " कार्यक्रम अन्तर्गतका श्रमदानयोग्य वा श्रमप्रधान सार्वजनिक पूर्वधार निर्‍माण वा अन्य सार्वजनिक आयोजनालाई सम्झनु पर्दछ ।

न" .उपभोक्ताभन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्रभित्रका " व्यक्तिलाई सम्झनु पर्दछ ।

प" .उपभोक्ता समिति "भन्नाले सम्बन्धित वडाको वडा अध्यक्षको प्रत्यक्ष रोहबर वा वडा अध्यक्षको निर्देशनमा अन्य कुनै वडा सदस्यको प्रत्यक्ष रोहबरमा यस मादी गाउँपालिकामा विधिवत रुपमा आयोजनाको लागत साझेदारीको रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्ने र आयोजनाको निर्माण सञ्चालन व्यवस्थापन र मर्मत सम्भार गर्नका लागि उपभोक्ताले आफूहरु मध्येबाट गठन गरेको उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

फ" .टोल विकास संस्था .भन्नाले मादी गाउँपालिकामा विधि विधान सहित दर्ता भई वडा नं " .नं १२ देखि १वडाभित्र क्रियाशील टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

ब" .समूहभन्नाले मादी गाउँपालिकामा सम्बन्धित वडाको वडा अध्यक्षको प्रत्यक्ष रोहबर वा " १२ देखि १ .वडा अध्यक्षको निर्देशनमा अन्य कुनै वडा सदस्यको प्रत्यक्ष रोहबरमा वडा नं .नंवडाभित्र विधिवत रुपमा गठन भई वडा नं .नं १२ देखि १ .वडाभित्र क्रियाशील अन्य

कुनै सङ्गठित (न्यूनतम २५ सदस्य भएको) समूह जसलाई वडा अध्यक्षले सिफारिस सहित प्रमाणित गरेको समूहलाई सम्झनु पर्दछ ।

भ" .विद्यालय व्यवस्थापन समितिभन्नाले शिक्षा ऐन ", २०२८ (नवौं संशोधन समेत) दफा १२ तथा शिक्षा नियमावली, २०५९ (नवौं संशोधन समेत) को नियम २३ बमोजिम गठित विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

म" .साझेदारी "भन्नाले उपभोक्ता समिति/समूह/संस्थासँग सयुंक्त लगानीमा गरिने साझेदारी काम वा योजनालाई सम्झनु पर्दछ ।

य" .कार्यक्रम "भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनु पर्दछ ।

र" .सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि गाउँपालिका र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई सम्झनु पर्दछ ।

ल" .कार्यालय "भन्नाले मादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थुमाकोडाँडा कास्कीलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## साझेदारीका क्षेत्रहरु र साझेदारीको हिस्सा

३ .साझेदारीमा कार्यक्रम सञ्चालन हुने क्षेत्रहरु र साझेदारिको हिस्सा देहाय बमोजिम हुनेछन्-

| साझेदारीको क्षेत्र | उपभोक्ताको तर्फबाट साझेदारी | गाउँपालिकाको तर्फबाट साझेदारी |
|---|---|---|
| क. विद्यालय भवन, विद्यालयको कम्पाउन्ड वाल (घेराबारा), सार्वजनिक पुस्तकालय निर्माण, सामुदायिक सार्वजनिक, सहरी स्वास्थ्य चौकी, प्रसुति गृह लगायत सार्वजनिक सरकारी भवन निर्माण तथा मर्मत सम्भार, सार्वजनिक शौचालय निर्माण, सामुदायिक (समाज घर) | ५० प्रतिशत | ५० प्रतिशत |

| | | |
|---|---|---|
| भवन निर्माण तथा मठ, मन्दिर, गुम्बा धार्मिक संरचना निर्माण । | | |
| ख. सिंचाई सम्बन्धी स्थायी संरचना निर्माणः- सिंचाई कुलो, पहिरो तथा नदी नियन्त्रण तथा तटबन्ध निर्माण, ह्युम पाइप खरिद, आर.सी. सी. ढलान तथा पि. सी. सी. ढलान, रिटेनिङ्ग वाल र मेसिनरी वाल तथा लिफ्ट सिंचाइ आयोजनाहरु र सोको मर्मत सम्भार समेत । कृषि हाट बजार, तरकारी तथा फलफूल सङ्कलन र बिक्री वितरण केन्द्र निर्माण तथा मर्मत सम्भार समेत । | ३० प्रतिशत (सिंचाइ पाइप तथा ह्युम पाइप खरिद सहित पाइप बिछ्याउने कार्य समेत ३० प्रतिशत) | ७० प्रतिशत (सिंचाइ पाइप तथा ह्युम पाइप खरिद ७० प्रतिशत) |
| ग. खानेपानी ट्याङ्की तथा इन्टेक निर्माण, लिफ्ट खानेपानी आयोजना तथा खानेपानी सम्बद्ध मर्मत सम्भार लगायत अन्य ढल निर्माण र फोहोर व्यवस्थापन सम्बन्धी आयोजनाहरु । | ३० प्रतिशत (खानेपानी पाइप खरिद सहित पाइप बिछ्याउने कार्य ३० प्रतिशत) | ७० प्रतिशत (खानेपानी पाइप खरिद ७० प्रतिशत) |
| घ. सडक कालोपत्रे, सडक ट्र्याक खोल्ने कार्य, सडक ग्राभेल, सडकको चौडा विस्तार कार्य तथा स्तरोन्नति मोटेरेवल पुल | ३० प्रतिशत | ७० प्रतिशत |

| | | |
|---|---|---|
| निर्माण, विद्युतीकरण र खेल मैदान निर्माण । | | |
| ङ. पुरातात्विक सांस्कृतिक र ऐतिहासिक महत्वका सम्पदा संरक्षण, मर्मत तथा सम्भार र पाटी पौवा निर्माण । | ३० प्रतिशत | ७० प्रतिशत |
| च. पर्यटन पूर्धाधार निर्माण सम्बन्धी कार्यः- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण र संरक्षण कार्य । | ५० प्रतिशत | ५० प्रतिशत |

## परिच्छेद ३

## आयोजना छनौट प्रक्रिया

४ -**सूचना प्रकाशन गर्नु पर्नेः** .लागत साझेदारी गर्न इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको जानकारीको लागि श्रावण मसान्तभित्र २२ दिने म्याद सहितको गाउँपालिकाले अनुसूची — २ बमोजिमको सार्वजनिक सूचना प्रकाशित गर्नु पर्नेछ ।

५ .**आयोजना माग गर्नु पर्नेः** -गाउँपालिकाभित्रका इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले सम्बन्धित वडा समितिको निर्णयको प्रमाणित प्रतिलिपि सहित वडा अध्यक्षको सिफारिसमा आयोजना माग गर्नु पर्नेछ ।

६ .**आयोजना माग गर्दा निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः** गाउँपालिकाबाट प्रकाशित सूचना बमोजिम इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले आयोजना माग गर्दा सम्पूर्ण विवरण खुलाई **अनुसूचीबमोजिमको प्र १-स्ताव** अनुसारको माग फाराम सहित देहाय बमोजिमका कागजपत्र संलग्न गरी कार्यालयमा पेश गर्नु पर्नेछः -

कउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि

खउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको कार्यानुभव पत्र (सम्भव भएसम्म)

गउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले सहकार्य अन्य संस्थाहरु (सम्भव भएसम्म)

घउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको दर्ता, नवीकरण, स्थायी लेखा नम्बर, आखिरी आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र

ङलागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाइएको वा व्यवस्था गरिएको पर्याप्त . आधार(३० %५० वा %रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको सक्कलै बैंक भौचर) देखिने कागजात

च .प्रस्ताव पेश गर्ने अख्तियारी प्राप्त व्यक्तिहरु (उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समिति) को नागरिकता प्रमाण पत्रको प्रतिलिपि

छ निर्धारित समयमा कार्य सम्पन्न गर्ने प्रतिबद्धता पत्र .

ज कालोसूचीमा नपरेको स्वघोषणा पत्र .

झअन्य कु .नै पनि सरकारी तथा गैर सरकारी संघ संस्थाबाट कुनै पनि आर्थिक वर्षमा आर्थिक तथा वस्तुगत सहायता नभएको नगरेको उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको स्वघोषणा पत्र

**७पुष्ट्याइँ गर्ने ., छनौट गर्ने र जानकारी गराउनेः** -उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले साझेदारी कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि माग तथा पेश गरेका आशयपत्र तथा प्रस्तावहरु प्राविधिक कर्मचारी सहितको राय परामर्शमा गाउँ कार्यपालिकाले मूल्याङ्कन गरी गाउँसभाबाट स्वीकृत बजेटको परिधिभित्र रही गाउँ कार्यपालिकाको छनौट सहित स्वीकृत निर्यानुसार उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिलाई कार्यालयले ५ (पाँच) दिनभित्र जानकारी गराई सम्झौता पश्चात कार्यादेश दिई आयोजना सञ्चालन तथा कार्यान्वयन गर्नेछ ।

**८ .लागत साझेदारीको रकम जम्मा गर्नु पर्नेः** -स्वीकृत लागत अनुमानको न्यूनतम ३० %५० र % बराबरको रकम लागत साझेदारी गर्न इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गरी सम्झौताका बखत सोको सक्कलै बैंक भौचर प्रस्तावनासँग संलग्न राखी पेश गर्नु पर्नेछ ।

९ .**कालो सूचीमा परेकोले साझेदारी कार्यक्रम गर्न नपाउने**: -नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट कालो सूचीमा परेको उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समिति यस प्रयोजनका लागि योग्य मानिने छैन ।

१० .**आयोजनाको लागत सीमा**: -आयोजनाको कूल लागत सीमा न्यूनतम रुहजार भन्दा ५० . कमको हुनु हुने छैन ।

## परिच्छेद ४

## आयोजना/कार्यक्रम कार्यान्वयन प्रक्रिया

११ .**लागत अनुमान तयार भई स्वीकृत भएको हुनु पर्ने**: -गाउँपालिका कार्यालयको सूचना बमोजिम वडा समितिको निर्णय र वडा अध्यक्षको सिफारिस भई गाउँ कार्यपालिकाको निर्णयानुसार छनौट र स्वीकृत भएको बजेट बमोजिम गाउँपालिकाका प्राविधिक कर्मचारी र इन्जिनियरबाट लागत अनुमान स्वीकृत हुनेछ ।

१२ .**सम्झौता गर्नु पर्ने**: -कार्यपालिकाको निर्णयानुसार छनौट र स्वीकृत भएको बजेट बमोजिमका आयोजनाहरु नियमानुसार गाउँपालिका कार्यालयसँग इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले सम्झौता गर्नु पर्नेछ र सम्झौता भए पश्चात मात्र आयोजनाको निर्माण कार्य अघि बढाइनेछ ।

१३ .**कार्यादेश दिनु पर्ने**: -सम्झौता भएका आयोजनाहरुको सम्बन्धित उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिलाई निर्णय भएको मितिले ३ (तीन) दिनभित्र कार्यदेश दिइनेछ । कायदिश पाएको मितिले ७ (सात) दिनभित्र अनिवार्य रुपमा कार्य सुरु गर्नु पर्नेछ । निर्धारित समयभित्र कार्य प्रारम्भ नगर्ने उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिसँग काबुभन्दा बाहिरको परिस्थिति परेको वस्तुनिष्ठ कारण वा आधार बाहेक अन्य अवस्थामा सम्झौता भङ्ग गरी कार्यदेश रद्द गरिनेछ ।

१४ .**बैंक खाता सञ्चालन**: -छनौट भएका आयोजना निर्माण गरी रकम भुक्तानी गर्दा उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको छुट्टै आफ्नै खाता सञ्चालन गर्नु पर्नेछ । अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट बैंक खाता सञ्चालन गरिनेछ ।

१५ .**पेश्की तथा भुक्तानी**: -लागत सहभागिता साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसार सम्झौता भए पश्चात सुरुमा ३०पेश्की उपलब्ध गराइनेछ । आयोजनाको बाँकी रकम % कार्य सम्पन्न भए पश्चात प्राविधिक कार्य सम्पन्न प्रतिवेदन सहित भुक्तानी माग गर्नु पर्नेछ ।

गाउँपालिकाको अनुगमन समितिबाट अनुगमन मूल्याङ्कन तथा निरीक्षण गरी सोको प्रतिवेदन पेश भए पश्चात मात्र सम्पूर्ण रकमको अन्तिम भुक्तानी गरिनेछ ।

१६ .**आयोजनाको अनुगमन मूल्याङ्कन तथा प्रतिवेदनः** -आयोजनाको नियमित प्राविधिक सुपरीवेक्षण र अनुगमन मूल्याङ्कन सम्बन्धित वडा प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

१७ .**मर्मत अवधिः** -आयोजनाको मर्मत अवधि न्यूनतम १ (एक) वर्ष सम्मको रहनेछ । सो समयभित्र मर्मत सम्भार गर्ने दायित्व निर्माण गर्ने उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

१८ .**सार्वजनिक सुनुवाइः** -आयोजना निर्माण गर्ने उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको वडा सदस्य र वडा प्राविधिकको रोहबरमा आयोजना स्थलमा सम्बन्धित उपभोक्ता र व्यक्तिहरुको उपस्थितिमा सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ ।

१९ .**गुणस्तर सुनिश्चितताः** -गुणस्तरीय कार्य नभएमा गाउँपालिकाले निर्माण कार्य तत्काल रोक्न आदेश दिनेछ । सो आदेशको पालना गर्नु उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र दायित्व हुनेछ । गाउँपालिकाका प्राविधिक कर्मचारी तथा इन्जिनियरले आवश्यकता अनुसार लागत सहभागिता साझेदारीमा सञ्चालित कार्यक्रम तथा आयोजनाको उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिलाई गुणस्तर परीक्षण (Lab Test) सहित प्राविधिक परीक्षण प्रतिवेदन अनिवार्य पेश गर्न आदेश दिन सक्नेछ । सो आदेशको पालना गर्नु सम्बन्धित उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र दायित्व हुनेछ ।

२० .**तेस्रो पक्षको संलग्नताः** -लागत सहभागिता साझेदारी कार्यक्रम तथा आयोजनामा कुनै पनि कार्य ठेक्का मार्फत वा तेस्रो पक्षद्वारा गर्न गराउन पाइने छैन । यदि ठेक्का मार्फत वा तेस्रो पक्षद्वारा कार्य गराएको जानकारीमा आई पुष्टि भएमा सो कार्यको प्राविधिक नापजाँच नहुने नगरिने र सो कार्य सम्बन्धी कुनै पनि रकम भुक्तानी हुने छैन ।

२१ .**पारदर्शिता र उत्तरदायित्वः** -लागत सहभागिता साझेदारी कार्यक्रम आयोजना सञ्चालन गर्दा पूर्ण रुपमा पारदर्शिता र उत्तरदायित्व कायम गर्न आयोजना स्थलमा सबैले देख्ने गरी सम्पूर्ण विवरण खुलाइएको आयोजना सूचना पाटी राखी सोही आर्थिक वर्षभित्रै सार्वजनिक परीक्षण गर्नु गराउनु पर्नेछ ।

## परिच्छेद ५

## विविध

**२२ -लेखा परीक्षणः .**(१) लागत सहभागिता साझेदारी कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानुन बमोजिम गाउँपालिकाको कार्यालयले गर्नेछ ।

(२) नेपाल सरकारको प्रचलित कानुन बमोजिम आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्ने दायित्व भएका साझेदारहरुले आफ्नो तर्फको लागत खर्चको वार्षिक लेखा परीक्षण प्रत्येक आर्थिक वर्षको समापनपछि नेपालको कानून बमोजिम लेखा परीक्षण गर्न योग्य लेखा व्यवसायीबाट गराउनु पर्नेछ । यस्तो लेखा परीक्षणको प्रतिवेदन र वित्तीय विवरणको एक प्रति साझेदारले गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**२३ .खर्चमा बन्देजः** -साझेदार पक्षहरुले लागत सहभागिता साझेदारी कार्यक्रम तथा आयोजना सम्बन्धी सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ ।

**२४ .कसुर र सजायः** -साझेदारी कार्यक्रमको सम्झौता पश्चात योजना सम्पन्न नगरी बीचैमा छोड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समय सम्मको कार्य जिम्मेवारी र आर्थिक दायित्व बहन गर्नु पर्नेछ । साझेदार पक्षले बीचैमा कार्य छोडी गाउँपालिकालाई आर्थिक क्षति तथा हानी नोक्सानी पर्न गएमा प्राविधिक कर्मचारीको मूल्याङ्कन बमोजिम सरकारी बाँकी सरह साझेदार पक्षका अख्तियारी प्राप्त सम्झौता गर्ने व्यक्तिहरुको चल अचल जायजेथा र सम्पत्तिबाट गाउँपालिकाले असुल उपर गर्नेछ ।

**२५ .नेपाल सरकारको ऐन, नियम अनुसार हुनेः** -यस कार्यविधिमा नसमेटिएका अन्य जुनसुकै कार्यको हकमा नेपाल सरकारले व्यवस्था गरे बमोजिमका ऐन, नियम अनुसार हुनेछ ।

**२६ .बाधा अड्काउ फुकाउ र व्याख्या गर्न सक्नेः-** गाउँ कार्यपालिकाले लागत सहभागिता साझेदारी कार्यक्रम आयोजना सञ्चालनमा आइ पर्ने बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्नेछ ।/

**२७ .अनुसूची हेरफेर तथा थपघट गर्न सक्नेः** -गाउँ कार्यपालिकाले यस कार्यविधिका कुनै दफा तथा उपदफा र अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

माही गाउँपालिका

# अनुसूची १ -

## (परिच्छेद ३ को दफा ६ सँग सम्बन्धित)

### प्रस्ताव पत्रको ढाँचा

| कार्यक्रम/आयोजना सम्बन्धी जानकारी | |
|---|---|
| परियोजनाको नामः- | |
| परियोजना कार्यान्वयन स्थानः- | |
| आवेदकको नामः- | |
| आवेदकको ठेगानाः- | |
| आवेदकको फोन नं. | |
| प्रस्तावको किसिमः- | एकल वा संयुक्त |
| संयुक्त प्रस्तावक भएमा प्रस्तावकहरुको विवरणः- | **मुख्य प्रस्तावकः-**<br>नामः-<br>ठेगानाः-<br>सम्पर्क नं.<br>**साझेदार प्रस्तावकः-**<br>नामः-<br>ठेगानाः-<br>सम्पर्क नं. |
| **परियोजनाको अवधारणाः-** | |
| पृष्ठभूमिः- | |
| उद्देश्यः- | |
| औचित्यः- | |
| परियोजना अवधिः- | |
| परियोजनाको संक्षिप्त कार्यान्वयन योजनाः- | |
| लागत साझेदारीको संरचनाः- | परियोजनाको कूल लागतः<br>साझेदारले व्यहोर्ने लागत हिस्साः- |
| **ग्राह्य खर्चका क्षेत्रहरुः-** | |
| **विवरणः-** | **अनुमानित लागत रकम** |
| श्रमिक ज्यालाः- | |
| स्थानीय निर्माण सामग्रीः- | |
| बाह्य निर्माण सामग्रीः- | |
| निर्माण औजार उपकरणः- | |

| | |
|---|---|
| अन्यः- | |
| जम्माः- | |

**आयोजना माग गर्नेको विवरणः -**

नामः -

ठेगानाः -

सहीछापः -

मितिः -

**वडा अध्यक्षः-**

नामः -

वडा नं .

सहीछापः -

मितिः -

**प्रस्तावसँग पेश गर्नु पर्ने कागजातहरुः -**

कउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि

खउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको कार्यानुभव पत्र (सम्भव भएसम्म)

गउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिले सहकार्य अन्य संस्थाहरु (सम्भव भएसम्म)

घउपभोक्ता समिति ., टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको दर्ता, नवीकरण, स्थायी लेखा नम्बर, आखिरी आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण पत्र

ङलागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाइएको वा व्यवस्था गरिएको पर्याप्त . आधार(३० %५० वा %रकम गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको सक्कलै बैंक भौचर) देखिने कागजात

च प्रस्ताव पेश गर्ने अख्तियारी प्राप्त व्यक्तिहरु .(उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समिति) को नागरिकता प्रमाण पत्रको प्रतिलिपि

छ निर्धारित समयमा कार्य सम्पन्न गर्ने प्रतिबद्धता पत्र .

ज कालोसूचीमा नपरेको स्वघोषणा पत्र .

मर्दि गाउँपालिका

झअन्य . कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्थाबाट कुनै पनि आर्थिक वर्षमा आर्थिक तथा वस्तुगत सहायता नभएको नगरेको उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको स्वघोषणा पत्र

माद्दी गाउँपालिका

## अनुसूची — २

## (परिच्छेद ३ को दफा ४ सँग सम्बन्धित)

## साझेदारीमा कार्यक्रम संञ्चालन गर्न इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिको लागि प्रस्ताव आह्वानको ढाँचा

**प्रथम पटक प्रकाशित मितिः- ...........**

मादी गाउँपालिकाले आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास वन वातावरण तथा विपद् व्यवस्थापन तथा सुशासन तथा संस्थागत क्षमता विकास लगायतका विषय क्षेत्रमा गाउँपालिकाको विकास र समृद्धि हासिल गर्ने उद्देश्यले "उपभोक्ता लागत सहभागिता साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधीनमा रही आर्थिक वर्ष २०८२/०८३ देखि सुरु हुने गरी सालबसाली रुपमा उक्त विविध क्षेत्र र विषयमा आधारित कार्यक्रम/आयोजना सञ्चालनार्थ आवश्यक योग्यता पुगेका इच्छुक उपभोक्ता समिति, टोल विकास संस्था, समूह, विद्यालय व्यवस्थापन समितिबाट यो सूचना प्रकाशित भएको मितिले २२ (बाईस) दिनभित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न आह्वान गरिएको छ । यस कार्यक्रम/आयोजना प्रस्तावनाको ढाँचा गाउँपालिकाको वेवसाइट www.madimunkaski.gov.np बाट डाउनलोड गर्न वा गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । योग्यता नपुगेका र आवश्यक विवरणहरु तथा कागजात संलग्न नभएको प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

..............................
प्रमुख प्रशासकिय अधिकृत

**आज्ञाले**
**धनेन्द्र भुजेल**
**प्रमुख प्रशासकीय अधिकृत**

मादी गाउँपालिका